आमचोक गाउँपालिका, बालंखा,भोजपुरद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्ड :९ संख्या : ४**

**कार्यपालिकाले स्वीकृत मिति : २०८२/२/०६**

**भाग- २**

**आमचोक गाउँपालिका**

# आमचोक गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८२

**प्रमाणीकरण गर्ने**

**धन कुमार राई**

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मिति : २०८२/२/०६**

## आमचोक गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८२

१. **प्रस्तावना :** कोशी प्रदेश "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" मा भएको कानुनी व्यवस्था लाई कार्यन्वयन गर्न आमचोक गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न आवश्यक भएकाले सो ऐनको दफा १५१ को अधिकार प्रयोग गरी आमचोक गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२।०२।६ गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

२. **सक्षिप्त नाम र प्रारम्भः**

(१) **यो कार्यविधिको नामः** "आमचोक गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

**(२) प्रारम्भः** यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले कोशी प्रदेशबाट जारी भएको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले आमचोक गाउँपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले आमचोक गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले आमचोक गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "कर्मचारी" भन्नाले आमचोक गाउँपालिकाको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई साथै संघीय लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आमचोक गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी समेत लाई जनाउँदछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आमचोक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

(ज) "तह वृद्धि" भन्नाले ऐनको दफा ४(५),दफा ८(१३),दफा ८(१६) र दफा २७(१) बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(झ) "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

(ञ) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ६ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

(ट) "गाउँपालिका" भन्नाले आमचोक गाउँपालिकालाई सम्झनु पर्दछ ।

**४.सूचना प्रकाशन गर्ने :** (१) तह बृद्धिको लागि आवेदन पेश गर्न ३० (तीस) दिनको म्याद राखी कार्यालयको सूचनापाटी र वेवसाइटमा **अनुसुचि-१** वमोजिमको सूचना प्रकाशित गरिनेछ ।

(२) ऐनको दफा २७ बमोजिमको सूचना प्रत्येक बर्षको जेठ र मंसिर महिनामा प्रकाशन गरिनेछ ।

**५.निवेदन दिनु पर्नेः** (१) प्रकाशित सूचनामा तोकिएको मिति र समय भित्रमा तह बृद्धि हुनका लागि ईच्छुक संभाव्य एवं सम्बन्धित कर्मचारीले **अनुसूची- २** बमोजिमको ढाँचामा सिफारिस समिति समक्ष आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

(२) निवेदन साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछः

(क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा पत्रको प्रतिलिपि,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

प्रमाणित
२०८२।२।५
प्रमुख प्रशासकीय अधिकृत

(घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
(ङ) पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)
(च) कार्यविधिको दफा ६ बमोजिमको सिफारिस समितिले मागेका अन्य कागजातहरु।

**६.सिफारिस समिति:**

(१) ऐनको दफा २७ को उपदफा (४) बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न तपसिल बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष
ख. कार्यपालिकाले तोकेको १ महिला सहित २ जना बरिष्ठ कर्मचारी- सदस्य

(२) समितिको बैठक समिति आफैले निर्धारण गरे बमोजिम बस्नेछ ।

**७. समितिको काम कर्तव्य र अधिकार:** (१) सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क)तह बृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।
(ख) आवेदन पेशका लागि सूचना प्रकाशित गर्ने ।
(ग) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।
(घ) तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह बृद्धिका लागि कार्यपालकालाई सिफारिस गर्ने

**८. सिफारिस:** (१) कानून बमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि कार्यविधिको दफा ४ बमोजिमको प्रकाशित सूचना अनुसार दरखास्त दिने म्याद सकिएको ७ दिन भित्रमा सिफारिस समितिले निवेदनसाथ प्राप्त कागजातहरुको जाँच गरी कार्यपालिकालाई तह बृद्धिको लागि सिफारिस गर्नु पर्नेछ।

**९. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:** ऐनले तोकिय बमोजिमको न्यूनतम योग्यता र सेवा अवधि पुगेका स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तहबृद्धि गरिनेछ ।

**१०.तह वृद्धिका आधार:** ऐनमा तोकिए बमोजिमको योग्यता पुगेका स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुको तहवृद्धि तथा तह मिलान गरिनेछ ।

**११.तह बृद्धि गर्न नहुने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ६ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्ने छैनः-

क. नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्ष पुरा नभएसम्म,
ख. निलम्बल भएकोमा निलम्बल भएको अवधिभर,
ग. तलबबृद्धि वा बढुवा रोक्का भएकोमा तलबबृद्धि वा बढुवा रोक्का भएको अवधिभर
घ. असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर।

**१२.तह बृद्धि गर्नु पर्ने:** कानुन वमोजिम तहवृद्धिका लागी निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागी ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तहवृद्धिका लागी सिफारिस गरी सक्नु पर्नेछ र सो सिफारिस पत्र भएको ७ दिन भित्र ऐनको दफा २७ (३) बमोजिम कार्यपालिकाले निर्णय गरी नियमानुसार कर्मचारीलाई **अनुसूची -३** अनुसारको ढाँचामा तह बृद्धिको पत्र दिनु पर्नेछ ।

प्रमाणीत
२०७२/२/१३
प्रमुख प्रशासकीय अधिकृत

**१३. तह वृद्धि सम्बन्धी बिशेष व्यवस्था :**

(१) कामकाजमा खटिएका कर्मचारी सम्वन्धी व्यवस्था: कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि हुने ।

(२)ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक चौथो र पाचौ तहमा तथा सातौ र नवौ तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पदमा ऐन जारी हुदासम्म तिन वर्ष सेवा अवधि पुरा भएमा स्वत: एक तह वृद्धि गरिनेछ ।

(३)ऐनको दफा ८ को उपदफा (१३) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाचौ तहमा स्वत: तहबृद्धि गरिनेछ ।

(४) ऐनको दफा २७ को उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन ।

(५) तह वृद्धि सम्बन्धी अन्य व्यवस्था कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० बमोजिम हुनेछ ।

**१४.जेष्ठता कायम:** कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० बमोजिम हुनेछ ।

**१५.सार्वजनिक गर्नुपर्ने:** तह वृद्धि भएका कर्मचारीहरुको विवरण सूचना पाटी तथा वेभसाइटमा अनिवार्य राखिनेछ ।

**१६.उजुरी/गुनासो :** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१७.तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधा:** (१) यस कार्यविधि बमोजिम तह बृद्धि भएका कर्मचारीले तह बृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछन्।

(२) यस कार्यविधि बमोजिम तह बृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी गाउँपालिकाले तलब मिलान गर्नु पर्नेछ।

(३) तह बृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदानको लागि प्राप्त गर्ने सेवा सुविधा ऐनको दफा ५७ (७) मा भएको व्यवस्था अनुसार स्थानीय सरकारी सेवाका कर्मचारीहरुले पाउने सेवा सुविधा ऐन कार्यान्वयन नहुन्जेलसम्म यस कार्यालयबाट भुक्तानी हुनेछ।

(४) ऐनको दफा ४ को उपदफा (५) बमोजिम तह वृद्धि भएका कर्मचारीको जेष्ठता निर्णय भएको मितिबाट कायम हुनेछ।

(५) ऐनको दफा ८ को उपदफा (१६) वमोजिम तह बृद्धि भएका निजामती सेवा बाहेक अन्य सेवाबाट समायोजन भएका कर्मचारीको जेष्ठता निर्णय भएको मितिबाट कायम हुनेछ।

(६) ऐनको दफा ८ को उपदफा (१७) वमोजिम तह मिलान भएका संघीय लोकसेवा आयोगबाट सिफारिस भइ स्थायी नियुक्ति लिएका कर्मचारीको जेष्ठता शुरु नियुक्ति मितिबाट कायम हुनेछ।

(७) ऐनको दफा २७ वमोजिम तह बृद्धि भएका कर्मचारीको जेष्ठता निर्णय भएको मितिबाट कायम हुनेछ।

**१८.राय/परामर्श लिनु पर्ने:** यो कार्यविधि स्वीकृत गर्नु पूर्व प्रदेश लोक सेवा आयोगबाट राय/परामर्श लिनु पर्नेछ/परामर्श बमोजिम गर्नु पर्नेछ ।

प्रमाणित

२०८२।२।१६

प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बालका, भोजपुर
२०७३

**१९.जानकारी दिनु पर्ने:** (१) यस कार्यविधि बमोजिम गाउँपालिकाले गरेको तह वृद्धिको जानकारी तह वृद्धिको निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

**२०.बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा (४) वमोजिम गर्नु पर्नेछ ।

**२१.सचिवालय:** सिफारिस समितिको सचिवालय कर्मचारी प्रशासन शाखामा रहनेछ ।

**२२.विविध:** समितिका पदाधिकारीहरुले गाउँपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

**२३.प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२४.खारेजी र बचाउ:** प्रदेश सरकारबाट जारी भएको अध्यादेश बमोजिम यस गाउँपालिकाबाट तयार गरि स्विकृत गरिएको "आमचोक गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यबिधि, २०८०" लाई खारेज गरिएको छ । साथै कोशी प्रदेश सरकारद्धारा जारी भएको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश,२०८० एवम यस गाउँपालिकाद्धारा तयार गरिएको "आमचोक गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०" बमोजिम स्वतः तहवृद्धि भएका कर्मचारीहरुको तह कायम र तह वृद्धि सम्बन्धी भए गरेका काम कारबाहीहरु यसै कार्यबिधि बमोजिम भएको मानिनेछ ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

प्रमाणित
२०८२।२।१६
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची १**

(कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>तह बृद्धिको सूचनाको ढाँचा</u>**

**<u>कर्मचारीको तह वृद्धि सम्वन्धी सूचना</u>**

प्रकाशित मितिः

कर्मचारी समायोजना ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका र संघीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भइ स्थानीय तहमा नियुक्ति/सिफारिस/समायोजन/समायोजन मिलान भएको आमचोक गाउँपालिका अन्तर्गत कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० वमोजिम तह वृद्धि/मिलानको लागि सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र तपशिल वमोजिमको कागजात सहित रीतपूर्वकको फारम भरी आवेदन सहित यस कार्यालयमा पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः-**

१."स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा (४) को उपदफा (५) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न अनुसारको कागजात सहित निवेदन पेश गर्नुहुन ।

(क) स्थायी नियुक्ति पत्रको प्रतिलिपी

(ख) समायोजन पत्र वा समायोजन मिलान पत्रको प्रतिलिपी

२."स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा (८) को उपदफा (१६) र (१७) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न अनुसारको कागजात सहित निवेदन पेश गर्नुहुन ।

(क) स्थायी नियुक्ति पत्रको प्रतिलिपी

(ख) समायोजन भएको पत्र वा संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस पत्रको प्रतिलिपी

(ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

३."स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा (२७) को उपदफा (१) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न अनुसारको कागजात सहित निवेदन पेश गर्नुहुन ।

(क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा/तह वृद्धि पत्रको प्रतिलिपि

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,(समायोजन भएका कर्मचारीहरुको हकमा मात्र)

(घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र

(ङ) पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

...................................

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

प्रमाणित

२०८२।२।१६

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- २
(कार्यविधिको दफा ५ सँग सम्बन्धित)

## तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति :

श्री अध्यक्षज्यू,
तह वृद्धि सिफारिस समिति ।

विषय : तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि सिफारीश समितिको मिति: ....... गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपिसल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**तपसिल**

(क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा/तह वृद्धि पत्रको प्रतिलिपि,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,(समायोजन भएका कर्मचारीहरुको हकमा मात्र)

(घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

(च) कार्यविधिको दफा ६ वमोजिमको सिफारिस समितिले माग गरेका अन्य कागजातहरु

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मिति |
| सेवा: | हालको पदमा तहवृद्धी/बढुवा मिति |
| समुह: | समायोजन मिति |
| पदः | कर्मचारी संकेत न. |
| तह: | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**
नाम.:-
दस्तखत.:-
क.सं.नं. :-

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

प्रमाणित
२०८२।२।६
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -३

(कार्यविधिको दफा १२ सँग सम्बन्धित)

**तह बृद्धि पत्रको ढाँचा**

मितिः-

प.सं.:-
च.नं.:-

**विषयः तह बृद्धि गरिएको ।**

तपाईँलाई गाउँ कार्यपालिकाको कार्यालयको मिति / / गतेको निर्णयानुसार कोशी प्रदेश,स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० वमोजिम नियमानुसार ज्येष्ठता कायम हुने गरी **स्थानीय सेवामा** तपसिल बमोजिम **तहमा तहबृद्धि** गरिएको छ । तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना ।

तपसिल :

| **हाल कार्यरत पद** | **तह बृद्धि गरेको पद** |
|---|---|
| सेवाः | सेवाः |
| समुहः | समुहः |
| पदः | पदः |
| तहः | तहः |
| कार्यालय : आमचोक गाउँपालिका,भोजपुर | कार्यालय : आमचोक गाउँपालिका,भोजपुर |

**श्री ................**
कर्मचारी सकेत नम्बर................

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर, मोरङ्ग ।
श्री राष्ट्रिय कितावखाना(निजामती) हरिहरभवन, ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, विराटगाउँ मोरङ्ग ।
श्री प्रदेश कितावखाना, विराटनगर, मोरङ्ग ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, भोजपुर
श्री कर्मचारी सञ्चयकोष, विराटनगर, मोरङ्ग।
श्री आर्थिक प्रशासन शाखा, आमचोक गाउँपालिका,गाउँ कार्यपालिको कार्यालय ।

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

प्रमाणित
२०८२।३।१३
प्रमुख प्रशासकीय अधिकृत